समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/१२/२५ बैठक संख्याः ४०

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ ।**

**निर्णयहरु**

१. मिति २०८०/११/११ को नगरकार्यपालिका बैठकबाट खाँदबारी नगरपालिका वडा नं. १ स्थित कभर्डहल निर्माण सम्बन्धी योजनाको सम्बन्धमा अध्ययन गरी प्रतिवेदन पेश गर्न नगरपालिकाको पूर्वाधार विकास समितिलाई कार्यादेश भएकोमा समितिले स्थलगत अध्ययन सहित पेश गरेको प्रतिवेदन कार्यपालिका बैठकमा छलफल भयो । सो सम्बन्धमा समितिले दिएका सुझावंहरुलाई आगामी दिनमा कार्यान्वयन गर्दै लैजाने प्रतिबद्धतासहित उक्त योजनाको सम्बन्धमा पेश भएको देहायबमोजिमको भेरीएशन आदेश सहितको कार्यसम्पन्न प्रतिवेदन स्वीकार गरी नियमानुसार भुक्तानी प्रकृया अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**देहायः**

खाँदवारी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय खाँदवारी सङखुवासभा

कोशी प्रदेश

### भेरिएशन आदेश सम्बन्धी विवरण

| सि.नं. | विषय | विवरण |
|---|---|---|
| 1 | योजना/कार्यालयको नाम : | खाँदवारी नगरपालिका |
| 2 | ठेक्का नं. र नाम : | Contract No. :KMO/NCB/WORKS/13/078/079, Construction of Covered Hall Building Works, Khandbari-1 |
| 3 | डिजाइन कन्सल्टेन्ट प्राविधिकको नाम : | भएको |
| 4 | सुपरभिजन कन्सल्टेन्ट प्राविधिकको नाम : | नभएको |
| 5 | ठेक्का कार्यको प्रकृती र मुख्य कार्यहरु : | कवर्ड हल भवन निर्माण कार्य |
| 6 | शुरु लागत अनुमान अंक (भ्याट कन्टेन्जेन्सी बाहेक) : | 47,761,261.24 |
| 7 | भेरिएशन पश्चात कायम हुने लागत अनुमान अंक (भ्याट बाहेक) : | 53,468,710.67 |
| 8 | लागत अनुमान घटि वा बढी प्रतिशत : | 11.95% |
| 9 | शुरु सम्झौता अंक (भ्याट कन्टेन्जेन्सी बाहेक) : | 38,483,839.09 |
| 10 | भेरिएशन पश्चात कायम हुने रकम (भ्याट बाहेक) : | 44,244,991.49 |
| 11 | ठेक्का अंक घटि वा बढी प्रतिशत : | 14.97% |

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०८०/१२/२५ बैठक संख्याः ४०

बैठक प्रारम्भ समयः दिनको ११:०० बजे बैठक समापन समयः बजे

| | | |
|---|---|---|
| 12 | भेरिएशन गर्नु पर्नाको कारण (मुख्य थपघट भएको विवरण) : | १. उक्त भवनको Granite Works, Stainless Railing Works, Collapsible Gate, False Ceiling, Prefoam, Compound Gate, Electrical items लागत अनुमानमा छुटेको हाल्नु परेको । |
| 13 | भेरिएशनले ठेक्का अवधि बढ्न् वा नबढ्ने : | नबढ्ने । |
| 14 | भेरिएशनमा नयाँ आइटम भएको वा नभएको : | भएको । |
| 15 | भेरिएशनमा नयाँ दररेट भएको वा नभएको : | भएको । |
| 16 | निर्माण कार्यको Drawing, Design तथा Specification बदल्नु पर्ने वा नपर्ने : | पर्ने । |
| 17 | बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने नहुने : | नहुने । |
| 18 | भेरिएशनको कारण हुने लागत अनुमानको संशोधन शुरु लागत अनुमानको २५ प्रतिशत भन्दा बढी फरक परे वा नपरेको : | नपरेको । |
| 19 | शुरुमा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित हुने वा नहुने : | नहुने । |
| 20 | स्वीकृत बजेट तथा कार्यक्रममा परे वा नपरेको : | परेको |
| 21 | भेरिएशनको प्राविधिक पुष्ट्याइ भए वा नभएको : | भएको । |
| 22 | भेरिएशन फर्मेट भए वा नभएको : | भएको । |

२. सर्वोच्च अदालतको मुद्दा नं. ०८०-wo-०७३४ (विदुषी योगमाया आयुर्वेद विश्वविद्यालयको जग्गा प्राप्ति सम्बन्धी) को सम्बन्धमा नगरपालिकाकोतर्फबाट सम्मानित अदालतमा उपस्थित भई प्रतिरक्षा सम्बन्धी सम्पूर्ण कार्य गर्न नगरप्रमुख श्री महेश थपलियालाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८(१) बमोजिम अधिकार प्रत्यायोजन गर्ने ।

३. खाँदबारी नगरपालिका वडा नं. ९ स्थित ल्याण्डफिल्ड जाने मोटरबाटो मर्मत सम्बन्धमा सम्बन्धित ठेकेदारलाई आगामी कार्यपालिका बैठकमा उपस्थित गराई छलफल गर्ने ।

४. गत बर्ष नगरपालिकाक्षेत्रमा महामारीको रुपमा फैलिएको पशुहरुमा लाग्ने लम्पी स्किन रोग यस बर्ष समेत फाटफुट रुपमा देखिन थालेको हुँदा सो रोग फैलने सक्ने सम्भावनालाई मध्यनजर गर्दै नगरकार्यपालिकाको कार्यालयलाई पूर्व तयारीमा रहन निर्देशन दिने ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाका निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, सङ्खुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

**बैठक मिति:** २०८०/१२/२५ **बैठक संख्या:** ४०

**बैठक प्रारम्भ समय:** दिनको ११:०० बजे **बैठक समापन समय:** बजे

५. नगरकार्यपालिकाको कार्यालयमा करारमा रिक्त रहेको कृषि स्नातक (कृषि) र सूचना प्रविधि अधिकृत पदमा सशर्त अनुदानमा बजेट उपलब्ध भएसम्म कार्यरत रहने गरी नियमानुसार पदपुर्तिको लागि आवश्यक प्रकृया अगाडी बढाउन नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

६. सुनकोशी/हलेसी जे. भी. बाट भएको वडा कार्यालय भवन निर्माण सम्बन्धी कार्यमा ठेकेदारले कामदारलाई पारिश्रमिक भुक्तानी नगरेको भन्ने गुनासो (उजुरी) सम्बन्धमा सम्बन्धित ठेकेदारलाई प्रहरी प्रशासन मार्फत यस कार्यालयमा झिकाई छलफल गर्ने/गराउने ।

७. खाँदबारी नगरपालिका, ५ नं. वडाको अन्तरेदहदेखि स. मा. वि. हुँदै वडा कार्यालयसम्मको मोटरबाटो ट्र्याक ओपन योजना (आ. व. २०७९/८० मा विनियोजन भई चालू आ. व. मा दायित्व सरी आएको) सम्बन्धमा नगरपालिकाको पूर्वाधार विकास शाखाका इन्जिनियर सहितको प्राविधिक टोलीले स्थलगत अनुगमन/निरीक्षण गरी बाँकी कार्य अगाडी बढाउने साथै उक्त योजनाको गत बर्षको दायित्व भुक्तानी सम्बन्धमा सम्झौता अवधिसम्म प्राविधिक मूल्याङ्कन भई पेश भएको कार्यको भुक्तानी गरे पश्चात् यस आ. व. मा विनियोजन भएको रकम अनुसारको प्राविधिक लागत अनुमान तयार गरी कार्य अगाडी बढाउने ।

८. निम्नानुसार निवेदकहरुलाई तपसिलमा उल्लेख भएबमोजिम आर्थिक सहायता प्रदान गर्ने ।

**देहाय:**

| सि.नं. | नामथर | ठेगाना | रकम रु. | समस्या | श्रोत |
|---|---|---|---|---|---|
| १. | भरत सुवेदी | खाँदबारी - ३ | एम्बुलेन्स प्रयोग | उपचार | आर्थिक सहायता |
| २. | मेनुका कृषि तथा पशुपंक्षी फर्म | खाँदबारी - ८ | २०,०००।- | विपद्, आगलागी | आर्थिक सहायता |

९. खाँदबारी नगरपालिका, ३ नं. वडा कार्यालयको भवन उद्घाटन सम्बन्धमा वडा कार्यालयबाट पेश भई आएबमोजिम २०८१ बैशाख १० गते समारोहकासाथ वडा कार्यालय भवन उद्घाटन गर्ने सोको लागि लाग्ने प्रस्तावित खर्च रु. एक लाख नगरपालिकाको मिल्दोजुल्दो शीर्षकबाट ब्यहोर्ने ।

१०. खाँदबारी नगरपालिकाले हालसम्म जारी गरेका ऐन, नियम, कार्यविधि, निर्देशिकाहरुको सम्बन्धमा आजको कार्यपालिका बैठकमा जानकारीमूलक छलफल भयो । सो सम्बन्धमा कार्यसञ्चालनको क्रममा द्विविधामा रहेका ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु नियमानुसार संशोधनको लागि सम्बन्धित शाखा/उपशाखा मार्फत प्रस्ताव तयार गरी पेश गर्न नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

११. खाँदबारी नगरपालिकामा तत्कालिन प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत भूपेन्द्र राईको निलम्बन अवधिको बाँकी तलबभत्ता नियमानुसार दोहोरो नपर्ने गरी भुक्तानीको लागि नगरकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

निर्माण कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत